# सुपथ मूल्य पसल एवम् लघु तथा घरेलु उद्योग सञ्चालन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वियन निर्देशिका, २०७६

सुदूरपश्चिम प्रदेशको नीति, कार्यक्रम एवं वजेटमा समावेश भएका उद्योग, वाणिज्य तथा आपुर्ति अन्तर्गतको सुपथ मूल्य पसल एवम् लघु तथा घरेलु उद्योग सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यक्रमहरुको कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता, आर्थिक अनुशासन सुनिश्चित गर्दै एकरुपता सहित सो को कार्यान्वियन पश्चात् ठोस उपलब्धी हासिल गर्न विधि एवम् प्रक्रिया निर्धारण गर्न वाञ्छनीय भएकाले,

आर्थिक वर्ष २०७५/०७६ को आर्थिक मामिला तथा योजना मन्त्रालयको अख्तियारीको बुँदा नं. ७ एवम् प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस निर्देशिकाको नाम ×सुपथ मूल्य पसल एवम् लघु तथा घरेलु उद्योग सञ्चालन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वियन निर्देशिका, २०७६" रहेको छ ।

   (2) यो निर्देशिका सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

   (3) यो निर्देशिका प्रदेश सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

2. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,–

   **(क)** "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयलाई सम्झनु पर्छ।

   **(ख)** "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

   **(ग)** "लघु तथा घरेलु उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ को सर्वमान्यताको प्रतिकुल नहुने गरी दफा १० (१) बमोजिमको विषयमा स्थापना भएको लघु तथा घरेलु उद्योग सम्झनु पर्छ ।

   **(घ)** "व्यवसायिक योजना" भन्नाले व्यवसायको परिचालन विधि, वजेट र वित्तीय उद्देश्य समावेश गरिएको दस्तावेज सम्झनु पर्छ ।

   **(ङ)** "सुपथ मूल्य पसल" भन्नाले चामल, गहुँ वा गहुँको पिठो, नून र तोरीको तेलमा प्रदेश सरकारले तोकेको छुट मूल्यमा बिक्रि गर्ने उद्देश्यले संचालन गरिने पसल सम्झनु पर्छ ।

   **(च)** "प्रस्तावदाता" भन्नाले प्रस्तावको आह्वान बमोजिम प्रस्ताव पेश गर्ने व्यक्ति वा कानून बमोजिम स्थापित फर्म वा सहकारी संस्था वा सामूदायिक संस्था सम्झनु पर्छ ।

   **(छ)** "प्रस्तावक" भन्नाले लघु तथा घरेलु उद्योगको स्थापना वा प्रवर्द्धनका लागि छनौट भएका प्रस्तावक सम्झनु पर्छ ।

## परिच्छेद २
## सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

3. **सुपथ मूल्य पसलको सञ्चालन तथा व्यवस्थापनः** (१) सुदूरपश्चिम प्रदेशका नागरिकहरूलाई सुपथ रूपमा चामल, गहुँ वा गहुँको पिठो, नुन र तोरीको तेल उपलब्ध गराई दैनिक जीवनयापन सहज तुल्याउने उद्देश्यले सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

   (२) निर्देशनालयले उपदफा (१) बमोजिम चामल, गहुँ वा गहुँको पिठो, नुन र तोरीको तेल सुपथ मूल्यमा उपलब्ध गराउने प्रयोजनका लागि नेपाल सरकारको प्रचलित नर्म्स र दररेट बमोजिम जिल्लागत आधार मूल्य  तय गर्नु पर्नेछ ।

   (३) प्रस्ताव अह्वानको सूचना प्रकाशन गर्दा एउटै सूचनामा स्थानीय तहबाट अलग अलग प्रस्ताव माग गर्ने गरी निर्देशनालयले सूचना जारी गर्नु पर्नेछ ।

   (४) उपदफा (१) बमोजिम सुपथ मूल्य सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्देशनालयले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को

सर्वमान्यतामा प्रतिकुल नहुने गरी व्यवसाय गर्न अनुमति प्राप्त फर्म वा सहकारी संस्था छनौट गर्नु पर्नेछ ।

(५) निर्देशनालयले उपदफा (२) बमोजिम व्यवसाय गर्न अनुमति प्राप्त फर्म वा सहकारी संस्था छनौट गर्न अनुसूची –३ बमोजिमको ढाँचामा व्यवसाय गर्न अनुमति प्राप्त फर्म वा सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) निर्देशनालयले उपदफा (४) बमोजिमको प्रस्ताव निर्देशनालय वा घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समिति मार्फत दर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम दर्ता हुन आएका प्रस्तावहरू घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिले तोकिएको म्याद भित्र निर्देशनालयमा पठाउनु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम निर्देशनालयमा प्राप्त प्रस्ताव खोल्ने, मूल्याङ्कन गर्ने लगायतका आवश्यक सम्पुर्ण प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सम्पन्न गर्नु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा अन्य कुराका अतिरिक्त देहायका विषयहरूलाई समेत ध्यान दिनु पर्नेछः–

(क) ढुवानी खर्च,
(ख) उपदफा (१) बमोजिमको सामग्रीको बजार मूल्य र छुट दिन सकिने मूल्यको दर,
(ग) ओभरहेड खर्च,
(घ) सुपथ मूल्य पसलले सेवा दिने क्षेत्र र जनसंख्या,
(ङ) भौगोलिक विकटता,
(च) स्थानीय उत्पादनको अवस्था, र
(छ) प्रदेश सरकारको लगानीको आधारमा प्राप्त हुने प्रतिफल ।

४. **सम्झौता गर्नुपर्नेः** (१) दफा ३ बमोजिम सुपथ मूल्य पसलका लागि छनौट भएका फर्म वा सहकारी संस्थाले निर्देशनालयले तोके बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फर्म वा सहकारी संस्थासंग सम्झौता गर्नका लागि निर्देशनालयले घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिलाई अख्तियारी दिनु पर्नेछ।

५. **छनौट भएका व्यवसाय गर्न अनुमति प्राप्त फर्म वा सहकारी संस्थाले पालना गर्नुपर्ने शर्तः** (१) छनौट भएका व्यवसाय गर्न अनुमति प्राप्त फर्म वा सहकारी संस्थाले देहाय बमोजिमको शर्तहरू पालना गर्नुपर्नेछः–

**(क)** कार्यक्रमको उद्देश्य पुरा हुने गरी सुपथ मूल्य पसलमा सहज आपूर्ति र सो को वितरणको व्यवस्था मिलाउने,
**(ख)** बिक्रि वितरण गरेको चामल, गहुँ वा गहुँको पिठो, नुन र तोरीको तेलको बिक्रि तथा छुट मूल्यको यथार्थ लगत राख्ने,
**(ग)** खण्ड (ख) बमोजिमको लगत सहितको प्रतिवेदन पाक्षिक रूपमा घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिमा पेश गर्ने, र
**(घ)** प्रचलित कानून र सम्झौताका शर्तहरू समेतको पालना गर्ने ।

(२) उपदफा (१) बमोजिमको फर्म वा सहकारी संस्थाले सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गर्दा उपभोक्ताको सर्वोत्तम हितलाई ध्यानमा राख्नु पर्नेछ ।

6. **भुक्तानी विधिः** (१) सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापनका लागि छनौट भएका फर्म वा सहकारी संस्थालाई दफा ३ को उपदफा (१) बमोजिमको सामग्रीमा दिएको मूल्य छुटको आधारमा औचित्यताको पुष्टयाई सहित निर्देशनालयले घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समिति मार्फत सम्झौता गरी बढीमा बीस लाख रूपैयाँसम्म उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम एकै पटक उपलब्ध नगराई शुरूवाती व्यवसायिक पूँजी स्वरूप बढीमा दुई लाख रूपैयाँसम्म उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराईएको रकम त्यस्तो सुपथ मूल्य पसल सञ्चालकले दफा ३ को उपदफा (१) बमोजिमको सामग्रीमा दिएको छुट मूल्य वापतको रकममा मासिक २० प्रतिशतका दरले सोधभर्ना हुने गरी मिलान गर्नु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम उपलब्ध गराईएको रकम बाहेक सम्झौता बमोजिमको अन्य बाँकि रकम बिक्रि परिमाण र छुट मूल्यको लगतको आधारमा निर्देशनालयले रकम दुरूपयोग नहुने गरी क्रमशः उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

7. **<u>अनुगमन तथा मूल्याङ्कन समितिः</u>** (१) यस परिच्छेद बमोजिम सञ्चालन हुने सुपथ मूल्य पसलको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति रहनेछः–

| | |
|---|---|
| **(क)** घरेलु तथा साना उद्योग कार्यालय/ घरेलु तथा साना उद्योग विकास समितिको प्रमुख | –संयोजक |
| **(ख)** सुपथ मूल्य पसल रहेको वडाको वडा अध्यक्ष | –सदस्य |
| **(ग)** सुपथ मूल्य पसल रहेको स्थान नजिकको प्रहरी यूनिट प्रमुख | –सदस्य |
| **(घ)** उपभोक्ता संस्था/नागरिक समाजको प्रतिनिधि | –सदस्य |
| **(ङ)** पत्रकार महासंघ जिल्ला शाखाको प्रतिनिधि | –सदस्य |

(२) उपदफा (१) बमोजिमको समितिले उपभोक्ताको सर्वोत्तम हितलाई ध्यानमा राखि नियमित र आकस्मिक रूपमा अनुगमन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन निर्देशनालयमा पठाउनु पर्नेछ ।

(४) निर्देशनालयले समेत समय समयमा सुपथ मूल्य पसलको स्थलगत अनुगमन गरी सुपथ मूल्य पसल सम्बन्धी व्यवसायिक सुशासन कायम गराउनु पर्नेछ ।

8. **<u>सम्झौता रद्द गर्न सकिनेः</u>** (१) देहायको अवस्थामा निर्देशनालयले सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गर्ने फर्म वा सहकारी संस्थासंग गरिएको सम्झौता रद्द गर्न सक्नेछः–

**(क)** दफा ३ को उपदफा (१) बमोजिमको सामग्रीको विक्रि परिमाण र छुट मूल्यको लगत यथार्थपरक नभएमा,

**(ख)** झुठा विवरण पेश गरी मूल्य छुटको सोधभर्ना लिएको प्रमाणित भएमा,

**(ग)** उपभोक्ताको हितलाई वारम्वार वेवास्ता गरेमा,

**(घ)** गुणस्तरहीन र म्याद गुज्रेका सामग्री विक्रि गरेको प्रमाणित भएमा,

**(ङ)** अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त पृष्टपोषणका आधारमा निर्देशनालयले दिएको सुझाव वा निर्देशनलाई पालना नगरेमा,

**(च)** रकमको दुरुपयोग गरेमा वा सम्झौता विपरितको काममा रकम प्रयोग गरेमा, र

**(छ)** फर्म वा सहकारी संस्थाबाट कार्यक्रम सन्तोषजनक ढंगले सञ्चालन भएको नपाइएमा ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सम्झौता रद्द गर्नु पूर्व सुपथ मूल्य पसल सञ्चालक फर्म वा सहकारी संस्थालाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गर्ने मौका दिदा तोकिएको म्याद भित्र सबुत प्रमाण सहित सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नभएमा उपदफा (१) बमोजिम सम्झौता रद्द गर्न वाधा पर्ने छैन ।

(४) उपदफा (१) को खण्ड (च) बमोजिम रकम दुरूपयोग भएको पर्याप्त आधार र कारण भएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न वा कारवाही गर्न निर्देशनालयले सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ।

9. **<u>कार्यक्रमको निरन्तरताः</u>** (१) स्रोतको सुनिश्चितता गरी मन्त्रालयले दीगो रूपमा सुपथ मूल्य पसल सञ्चालन र व्यवस्थापनको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम सुपथ मूल्य पसलको दीगो व्यवस्थापनका लागि औचित्यता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता र कार्यसम्पादनलाई ध्यानमा राखि यस आर्थिक वर्षमा छनौट भएका फर्म वा सहकारी संस्थासंग भएको सम्झौताको म्याद थप गर्न सक्नेछ ।

## परिच्छेद ३

## लघु तथा घरेलु उद्योग स्थापना तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

10. **लघु तथा घरेलु उद्योग स्थापना तथा प्रवर्द्धनः** (१) देहाय बमोजिमको विषयमा लघु तथा घरेलु उद्योग स्थापना तथा प्रवर्द्धनका लागि प्रदेश सरकारले लागत सहभागिताका आधारमा बढीमा दश लाख रूपैयाँसम्म अनुदान उपलब्ध गराउनेछः...

**(क)** प्राकृतिक स्रोत, माटो, पानी, खानिजन्य स्रोतमा आधारित,

**(ख)** वन पैदावार, जडिबुटी र स्याउला पत्करमा आधारित,

**(ग)** बेत, बाँस, जरा ठूटा, पात, प्राकृतिक रेशामा आधारित,

**(घ)** कपडा, मैन, साबुन, धुप, अगरबत्ती, सैम्फू, गाजल, टिका, माला, चुरा सामाग्री उत्पादन गर्ने,

**(ङ)** पशु उत्पादनसँग सम्बन्धित डेरी, रौं तथा भूल्ला प्रशोधन, मासु, मल, हाडखोर र छाला सम्बन्धी,

**(च)** फोटोफ्रेम, सिसा, धातु, तामा, फलाम र पित्तलका भाँडाकुडा उत्पादन गर्ने, कवाडी र पुराना वस्तु संकलन एवं प्रशोधन सम्बन्धी,

**(छ)** गरगहना, घरायसी औजार उत्पादन सम्बन्धी,

**(ज)** हलो, जुवा, हरिश, कुटो, दाँते, फाली, कोदालो, सावेल जस्ता कृषि उत्पादनमा उपयोग हुने सामाग्री उत्पादन सम्बन्धी,

**(झ)** गुन्द्रुक, अचार, घट्ट, खाद्य मिल सम्बन्धी,

**(ञ)** खाद्यवस्तुको विविधिकरण, स्वाद, गुणस्तर वृद्धि गर्ने, मिश्रण र प्याकेजिङ्ग तथा बजारीकरण गर्ने, र

**(ट)** ग्रामिण पर्यटन प्रवर्द्धन सम्बन्धी ।

(२) उपदफा (१) बमोजिमको लघु तथा घरेलु उद्योगलाई अनुदान उपलब्ध गराउँदा अन्य कुराका अतिरिक्त निर्देशनालयले देहायका विषयहरूलाई ध्यान दिनु पर्नेछः...

**(क)** स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन,

**(ख)** स्थानीय कच्चा पदार्थको प्रयोग, प्रशोधन र स्थानीय उत्पादनको अधिकतम मूल्यलाई प्रश्रय दिने,

**(ग)** स्थानीयस्तरमा अत्यधिक माग रहेको वस्तुको कच्चा पदार्थ बाहिरबाट प्राप्त गरी प्रशोधन गरी अधिकतम मूल्य प्रदान गर्ने,

**(घ)** स्थानीय माग र आवश्यकताका आधारमा उद्योग स्थापना वा प्रवर्द्धन हुने,

**(ङ)** स्थापना गरिने लघु तथा घरेलु उद्योग स्थानीय कच्चा पदार्थ, बजार र जनशक्तिको उपयोगसंग मिल्दो हुने,

**(च)** मोडेल (नमूना) लघु तथा घरेलु उद्योगको रूपमा प्रदर्शनस्थल योग्य हुन सक्ने, र

**(छ)** उद्योग ग्रामभित्र स्थापना हुने लघु तथा घरेलु उद्योग ।

(३) निर्देशनालयले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम यस परिच्छेद बमोजिमको कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

(४) निर्देशनालयले उपदफा (३) बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा आह्वान गरिएको प्रस्ताव घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समिति मार्फत दर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम दर्ता हुन आएका प्रस्तावहरू घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिले तोकिएको म्यादभित्र निर्देशनालयमा पठाउनु पर्नेछ ।

(६) निर्देशनालयले उपदफा (३) बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा प्रस्तावको आह्वान, मूल्याङ्कन, छनौट गर्दा अन्य कुराका अतिरिक्त देहायका कुराहरूमा ध्यान दिनु पर्नेछः...

**(क)** प्रस्तावक व्यक्ति वा फर्म वा सहकारी संस्था वा सामूदायिक संस्था वा लघु तथा घरेलु उद्यमीको नाम, ठेगाना,

**(ख)** लघु तथा घरेलु उद्योग संचालकहरूको विवरण,

**(ग)** लघु तथा घरेलु उद्योगको दर्ता विवरण, कार्य समिति, विधानको प्रति, साधारण सभाको निर्णय, नविकरण,

**(घ)** लघु तथा घरेलु उद्योगको स्थापना सम्बन्धी भौतिक तथा प्राविधिक योजना,

**(ङ)** लघु तथा घरेलु उद्योगको व्यवसायिक योजना र आर्थिक प्रस्ताव,

**(च)** भौतिक संरचना, मेशिनरी औजार र कच्चा पदार्थ उपलब्धताको विवरण,

**(छ)** उत्पादन र भण्डारण क्षमता,

**(ज)** लघु तथा घरेलु उद्योग सञ्चालन विधि,

**(झ)** बीमा सम्बन्धी व्यवस्था,

**(ञ)** लागत, लाभ, रोजगारी र सामाजिक तथा वातावरणीय प्रभाव खुलेको विवरण, र

**(ट)** प्रस्ताव आह्वानको सूचनामा तोकेका अन्य विषयहरू ।

(७) उपदफा (१) बमोजिमको क्षेत्रमा नयाँ लघु तथा घरेलु उद्योग स्थापनाका लागि व्यक्ति वा कानून बमोजिम स्थापित फर्म वा सहकारी संस्था वा सामूदायिक संस्था समेत प्रचलित कानून बमोजिम प्रस्ताव छनौटको प्रतिस्पर्धामा सहभागि हुन सक्नेछन् ।

**11. <u>सम्झौता गर्नु पर्नेः</u>** (१) दफा १० को उपदफा (३) मा उल्लेखित कानूनको सर्वमान्यतामा प्रतिकुल नहुने गरी अनुदानका लागि छनौट भएका प्रस्तावकले निर्देशनालयले तोकिएको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएका प्रस्तावकसंग सम्झौता गर्नका लागि निर्देशनालयले घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिलाई अख्तियारी दिनुपर्नेछ।

**12. <u>छनौट भएका प्रस्तावकले पालना गर्नुपर्ने शर्तः</u>** (१) कार्यक्रम सञ्चालनका लागि छनौट भएका प्रस्तावकले देहाय बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछः...

**(क)** सम्झौता बमोजिमका शर्तहरू कार्यान्वयन गर्ने,

**(ख)** कम्तीमा अनुदान रकमको बीस प्रतिशत लागत सहभागिता गर्ने,

**(ग)** अनुदानीत रकम लघु तथा घरेलु उद्योगको स्थापना र प्रवर्द्धनमा मात्र खर्च गर्ने,

**(घ)** यस कार्यविधि र प्रचलित कानूनको पूर्णरूपमा पालना गर्ने,

**(ङ)** प्रगति विवरण नियमित रूपमा घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिमा पेश गर्ने, र

**(च)** निर्देशनालयले दिएको सुझाव र निर्देशनलाई कार्यान्वयन गर्ने ।

**13. <u>भुक्तानी विधिः</u>** (१) लघु तथा घरेलु उद्योग स्थापना वा प्रवर्द्धनका लागि छनौट भएका प्रस्तावकलाई अनुदान रकम निर्देशनालयले एकै पटक उपलब्ध नगराई शुरूवाती व्यवसायिक पूँजी स्वरूप सम्झौता बमोजिमको अनुदान रकमको बढीमा बीस प्रतिशतसम्म पहिलो किस्ता स्वरूप उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको रकम बाहेकको अन्य रकम कार्य प्रगतिको अवस्था मूल्याङ्कन गरी अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसको आधारमा दोस्रो किस्ता बापत चालिस प्रतिशतसम्म उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइएको रकम बाहेक बाँकी रकम कार्य सम्पन्न भए पश्चात अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा उपलब्ध गराउन सकिनेछ ।

(४) यस दफा बमोजिम उपलब्ध गराइएको अनुदान रकमको दुरूपयोग नहुने सुनिश्चितताका लागि निर्देशनालयले समन्वयात्मक ढंगले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

14. **अनुगमन तथा मूल्याङ्कन समितिः** (१) यस परिच्छेद बमोजिम लघु तथा घरेलु उद्योगको स्थापना तथा प्रवर्द्धनको लागि नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति रहनेछः–

**(क)** घरेलु तथा साना उद्योग कार्यालय/ घरेलु तथा साना उद्योग विकास समितिको प्रमुख –संयोजक

**(ख)** लघु तथा घरेलु उद्योग रहने वडाको वडा अध्यक्ष –सदस्य

**(ग)** जिल्ला लघु उद्यम विकास समितिको प्रतिनिधि –सदस्य

**(घ)** लघु तथा घरेलु उद्योग रहने स्थान नजिकको प्रहरी यूनिट प्रमुख –सदस्य

**(ङ)** पत्रकार महासंघ जिल्ला शाखाको प्रतिनिधि –सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले लघु तथा घरेलु उद्योग स्थापना तथा प्रवर्द्धन गर्ने सन्दर्भमा दफा १३ बमोजिम उपलब्ध गराइने अनुदानको लागि यथार्थ ढंगले सिफारिस गर्नु पर्नेछ ।

(३) दफा १३ बमोजिम अनुदान उपलब्ध गराई स्थापना वा प्रवर्द्धन गरिएको लघु तथा घरेलु उद्योगको दीगोपना कायम गर्न समय समयमा अनुगमन गरी सुझाव सहितको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन निर्देशनालयमा पठाउनु पर्नेछ ।

(४) निर्देशनालयले समेत समय समयमा लघु तथा घरेलु उद्योगको अनुगमन गरी व्यवसायिक सुशासन कायम गराउनु पर्नेछ ।

15. **सम्झौता रद्द गर्न सकिनेः** (१) देहायको अवस्थामा निर्देशनालयले लघु तथा घरेलु उद्योग स्थापना वा प्रवर्द्धनका लागि छनौट भएका प्रस्तावकसंग गरिएको सम्झौता रद्द गर्न सक्नेछः...

**(क)** यस कार्यविधि र सम्झौता विपरितको कार्य गरेमा,

**(ख)** झुठा विवरण पेश गरी वा अनुगमन तथा मूल्याङ्कन समितिलाई झुक्यानमा पारी गलत सिफारिसका आधारमा अनुदान लिएको प्रमाणित भएमा,

**(ग)** अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त पृष्ठपोषणका आधारमा निर्देशनालयले दिएको सुझाव वा निर्देशनलाई पालना नगरेमा, र

**(घ)** यस कार्यविधिको मर्म र भावना अनुरूप लघु तथा घरेलु उद्योगको स्थापना वा प्रवर्द्धन नगरेमा ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सम्झौता रद्द गर्नु पूर्व लघु तथा घरेलु उद्योगको स्थापना वा प्रवर्द्धनका लागि छनौट भएका प्रस्तावकलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गर्ने मौका दिदाँ तोकिएको म्याद भित्र सबुत प्रमाण सहित सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नभएमा उपदफा (१) बमोजिम सम्झौता रद्द गर्न बाधा पर्ने छैन ।

(४) दफा १३ बमोजिम प्राप्त अनुदान रकम दुरूपयोग भएको पर्याप्त आधार र कारण भएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न वा कारबाही गर्न निर्देशनालयले सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ ।

16. **कार्यक्रमको निरन्तरताः** (१) स्रोतको सुनिश्चितता गरी मन्त्रालयले दीगो रूपमा लघु तथा घरेलु उद्योगको स्थापना, सञ्चालन र प्रवर्द्धनको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम लघु तथा घरेलु उद्योगको दीगो व्यवस्थापनका लागि औचित्यता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता र कार्यसम्पादनलाई ध्यानमा राखि यस आर्थिक वर्षमा लघु तथा घरेलु उद्योगको स्थापना वा प्रवर्द्धन लागि छनौट भएका प्रस्तावकसंग भएको सम्झौताको म्याद थप गर्न सक्नेछ ।

17. **<u>प्रचलित कानून बमोजिमः</u>** यस निर्देशिकामा लेखिए बमोजिमका कुराहरू यसै निर्देशिका बमोजिम र अन्य कुराहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची... १
## (दफा ३ सँग सम्बन्धित)
## प्रस्तावदाताले पेश गर्नुपर्ने कागजातहरू

१. संस्था दर्ताको प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, नविकरण आवश्यकता भएमा सो समेत र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदन ।
२. विधान, प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि ।
३. पूर्वाधार निर्माण गरिने जग्गाको स्वामित्व आवेदन संस्थाको नाममा आएको प्रमाण पत्रको प्रतिलिपि ।
४. जग्गाको हकमा नेपाल सरकार वा स्थानीय सरकारबाट भोगाधिकार प्राप्त भएको प्रमाणको प्रतिलिपि ।
५. लागत साझेदारी अनुसार लागत जुटाउन सक्ने प्रमाणः (लगानी गर्ने प्रतिबद्धता जनाएको बैंक पत्र वा बैंकमा संस्थाको नाममा भएको बैंक मौज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण) लगानी गर्ने प्रतिवद्धता सहितको कबुलियतनामा ।
६. निर्माण गरिने पूर्वाधारहरूको विस्तृत ईन्जिनियरिङ डिजाइन ईष्टिमेट ।
७. कम्तिमा १० वर्ष कार्यक्रम संचालन गर्ने कार्ययोजनाः प्रस्तावक संस्थाको बैठकबाट निर्णय भएको कागजात ।
८. सेवा प्रदान गर्ने क्षेत्रका नागरिकहरूलाई दिने सेवा सम्बन्धी स्थानीय तहको सम्झौता तथा शर्तहरू (वस्तु, परिमाण, समयावधि, छुट, सहुलियत आदि विषयहरू समेटिएको) ।
९. प्रस्तावित क्रियाकलाप संचालन तथा सम्पन्न गर्ने कबुलियतनामा ।
१०. संस्थाको तर्फबाट गरिने लगानी, उत्तरदायित्त्व, जिम्मेवारी र जोखिम बहन गर्ने प्रत्याभूति गर्ने संचालक समितिको निर्णय ।

**अनुसूची... २**
**(दफा ३ सँग सम्बन्धित)**
**प्रस्ताव पेश सम्बन्धी**

श्री ..........................................................,
...........................................................
मितिः................

**विषयः सुपथ मूल्य पसल एवम् लघु तथा घरेलु उद्योग सञ्चालन तथा प्रवर्द्धन कार्यक्रम संचालनका लागि अनुदान प्राप्त गर्न प्रस्ताव पेश गरेको सम्बन्धमा ।**

महोदय,
प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट मिति...................... मा प्रकाशित सूचना अनुसार.......................................................... फर्म वा सहकारी संस्थाले अनुदान लिई ...................................... कार्यक्रम संचालनका लागि आवश्यक योजना र प्रस्ताव तथा उक्त प्रस्ताव अनुसार........................................................कार्यक्रम संचालनका लागि कुल लागत रकम रू. ....................................../– (अक्षेरूपी....................................................... मात्र) अनुमान गरिएकोले सोको प्रतिशत बराबरले हुन आउने रकम रू. .................................../– (अक्षेरूपी........................................ मात्र) तहाँ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सुपथ मूल्य पसल एवम् लघु तथा घरेलु उद्योग सञ्चालन तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६ अनुसार अनुदान सहयोग उपलब्ध गराई दिनु हुन अनुरोध सहित अन्य आवश्यक कागजात यसै साथ संलग्न गरी यो आवेदन पेश गरेका छौं ।
यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरू जाने बुझे सम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कार्वाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजातहरूः
१.
२.
३.

आवेदकः
*समूह/सहकारी/समिति/संस्थाको नामः*................................
..........................................................
संस्थाको आधिकारिक प्रतिलिपि
नामः........................................
पदः.........................................
ठेगानाः.........................................
संस्थाको छापः

**अनुसूची... ३**

**(दफा ३ सँग सम्बन्धित)**

**<u>अनुदान लागत साझेदारीमा सुपथ मूल्य पसल संचालनका लागि आवेदन फाराम</u>**

१. प्रस्तावकको विवरण

| क्र.सं. | विवरण | |
|---|---|---|
| १.१ | प्रस्तावकको नामः | |
| १.२ | ठेगानाः | जिल्लाः<br>गा.पा.न/उपमहा/महा/.पा.<br>वडा नं.<br>स्थानः |
| १.३ | प्रस्तावकको संस्थाको स्थापनाः | दर्ता नं.<br>दर्ता वर्षः<br>दर्ता गर्ने निकाय |
| १.४ | मू.अ.कर स्थायी लेखा नं. | |
| १.५ | बैंक खाता विवरणः | |
| | खाता रहेको बैंकको नामः | |
| | ठेगानाः | |
| | खाताको किसिमः | |
| | खाता नं. | |
| | खाता संचालकको नामः | |
| | खातामा हस्ताक्षर रहेका व्यक्तिहरूको विवरणः | (१) नामः<br>पदः<br>(२) नामः<br>पदः |
| १.६ | प्रस्तावकको किसिमः | समूह/स्थानीय निकाय/ सहकारी |
| १.७ | वर्तमानमा प्रस्तावकको के कस्ता गतिविधिहरू संचालित छन् उल्लेख गर्ने (बढीमा ५ बुंदा) | |
| १.८ | अन्य (खुलाउनुहोस्) | |
| १.९ | मूल्य विवरण | विक्रि गर्न चाहेको मूल्य |
| | चामल (प्रति के.जी.)<br>मोटो चामल<br>मसिनो चामल | |
| | गहुँ वा गहुँको पिठो (प्रति के.जी.) | |
| | नुन (आयोडिनयुक्त) (प्रति प्याकेट) | |
| | तोरीको तेल (प्रति लि.) | |
| १.१० | लिन चाहेको अनुदान रकम | विक्रि गर्न चाहेको मूल्य |
| | चामल (प्रति के.जी.)<br>मोटो चामल (प्रति के.जी.)<br>मसिनो चामल (प्रति के.जी.) | |
| | गहुँ वा गहुँको पिठो (प्रति के.जी.) | |
| | नुन (आयोडिनयुक्त) (प्रति प्याकेट) | |
| | तोरीको तेल (प्रति लि.) | |

| १.११ | जिम्मेवार व्यक्ति उल्लेख गर्ने | |
|---|---|---|
| | नामः | |
| | पदः | |
| | सम्पर्क नं. | |
| | इमेल | |
| | पत्राचारको ठेगानाः | |

१.१० संस्थामा रहेका सदस्य संख्या

| जम्मा सदस्य संख्या | महिला सदस्य संख्या | दलित | | जनजाती | | मुक्त कमैयाहलिया/ | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष |
| | | | | | | | | | |

२. सुपथ मूल्य पसल निर्माण वा संचालन हुने स्थान
जिल्लाः
गा.पा./न.पा./उपमहाः
वडा नं.
स्थानः

| ३. प्रस्तावित स्थान सम्म पुग्न सकिने गरि नक्सामा स्थान देखाउनु होसः |
|---|

४. अवधि
कार्यक्रम शुरू गर्न सकिने मितिः...............................................................
कार्यक्रम सम्पन्न गर्न सकिने मितिः ...............................................................

५. सहकारीहरू

| **उत्पादन स्थलहरू** | **समूहसहकारी/** | **वस्तुहरू** | **भण्डारण गरिने समय (दिन/महिना)** | **लिईने शुल्क प्रति) (कुइण्टल** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**६. प्रस्तावित सुपथ मूल्य पसलमा के कस्तो कारोबार हुनेछ (प्रस्तावित कारोबार) ।**

**७. प्रस्तावक संस्थाको वित्तीय स्थिती**

| | | |
|---|---|---|
| वित्तीय सवलता | जम्मा शेयर पूँजी | |
| | जम्मा वार्षिक आय | |

| | | |
|---|---|---|
| | जम्मा वार्षिक खर्च | |
| | जम्मा ऋण | |
| बचत | बचत रकम | |
| | परिचालन | |

८. अन्य थप आर्थिक विवरणहरू (आर्थिक सामर्थ पुष्टि हुने आधारहरू)

| ९. प्रस्तावित पूर्वाधारको डिजाइन, अनुमान र कार्यक्रम संचालनको कार्ययोजना |
|---|
| |

१०.उपलब्ध हुने जग्गाको विवरण

क) क्षेत्रफलः

ख) सडकको पहुँचको अवस्था तथा प्रस्तावित स्थान र मूल सडक सम्मको दूरीः

ग) विद्युत सेवाको पहुँच र अवस्थाः

१०.१ प्रस्तावक संस्थासंग भएका सुविधाहरूको विवरण (बढीमा १ पेज)
(भवन, कार्यालय, फर्निचर, मेसिन, औजार, सवारी साधन आदि)

| ११.लागत अनुमान र लागत साझेदारी योजनाः | | | | | | |
|---|---|---|---|---|---|---|
| सुपथ मूल्य पसल निर्माण वा संचालन सम्बन्धमा जम्मा लागत/प्रस्तावक संस्थाको बैठकले गरेको निर्णय सहित देहायको विवरण पेश गर्नु पर्नेछ । | | | | | | |
| प्रस्तावित क्रियाकलापहरू | एकाई | परिमाण | दर | लागत | | |
| | | | | कुल लागत | अनुदान | प्रस्तावकको हिस्सा |
| क. पुँजीगत लगानी | | | | | | |
| १ पूर्वाधार विकास | | | | | | |
| | | | | | | |
| जम्मा पूर्वाधार विकास (क.१) | | | | | | |
| २ संचालन खर्च | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (क) जम्मा पूँजीगत लगानी (२+१) | | | | | | |
| (ख) चालु खर्च | | | | | | |
| १ सामाग्री | | | | | | |
| | | | | | | |
| | | | | | | |
| २ श्रमीक | | | | | | |
| | | | | | | |
| जम्मा श्रमीक (ख.२) | | | | | | |
| ३ व्यवस्थापन | | | | | | |
| | | | | | | |
| जम्मा व्यवस्थापन (ख.३) | | | | | | |
| जम्मा पूर्वाधार खर्चः | | | | | | |
| जम्माः प्रशासनिक तथा संचालन खर्चः | | | | | | |

**अनुसूची... ४**
**(दफा ७ सँग सम्बन्धित)**
**<u>प्रारम्भिक मूल्याङ्कन</u>**

प्राप्त प्रस्तावहरूलाई सूचनामा उल्लेख गरिएका विवरणहरू प्राप्त भए नभएको र प्रस्तावक योग्य भए नभएको विषयमा चेक जाँच गरि प्रारम्भिक मूल्याङ्कन गरिनेछ । यस अन्तर्गत देहाय बमोजिमका सूचकहरू हेरि उपयुक्त निर्णय गरिनेछः–

(क) प्रस्ताव आह्वान गर्ने सूचनामा उल्लेख भएको स्थानमा तोकिएको मिति र सयम भित्र आवेदन तथा व्यवसायिक योजना दर्ता भए/नभएको,

(ख) प्रस्तावक संस्थाको आधिकारिक व्यक्ति भए/नभएको साथै प्रस्तावकले प्रस्तावमा संलग्न कागजातहरूको प्रत्येक पानामा दस्तखत गरी छाप लगाए/नलगाएको,

(ग) प्रस्तावक संस्था नियमानुसार दर्ता तथा नियमित नवीकरण भए/नभएको

(घ) स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र भए/नभएको, (स्थानीय तह बाहेकको हकमा),

(ङ) कार्यक्रम सम्बन्धी तोकिएको ढाँचामा विवरण तयार गरी व्यवसायीक कार्ययोजना पेश गरे नगरेको,

(च) कार्यक्रम संचालन सम्बन्धी संस्थागत निर्णय भएको प्रमाण पेश भए नभएको (एकल व्यवसायिक फर्महरूका हकमा यो अनिवार्य नरहेता पनि एक भन्दा बढी संचालक वा सदस्य रहेको संस्थाको हकमा यो अनिवार्य रहनेछ),

(छ) व्यवसायिक फर्महरूले सामुदायिक संस्था, सहकारी सस्था वा स्थानीय तहले संस्थाको लेटरप्याडमा कार्यक्रम संचालन गर्ने प्रतिबद्धता पेश गरे नगरेको ।

**अनुसूची... ५**
**(दफा ७ सँग सम्बन्धित)**
**<u>मूल्याङ्कनका आधारहरू</u>**

प्रस्तावक संस्थाको नाम र किसिमः...............................

ठेगानाः............................................ निर्माण गरिने पूर्वाधारः..................
पूर्वाधार निर्माण गरिने स्थानः.............................
क्षमताः........................

| क्र.सं. | विवरण | अंक भार | राय |
|---|---|---|---|
| १ | प्रस्तावकको संस्थागत अवस्था र क्षमताः | २५ | |
| १.१ | अनुभवः | १० | |
| | ५ वर्ष भन्दा बढि | ४ | |
| | २ देखि ५ वर्ष | ३ | |
| | १ देखि २ वर्ष | २ | |
| | ६ महिना देखि १ वर्ष भन्दा कम | १ | |
| १.२ | आबेदकको आर्थिक अवस्था (आधारमा तथ्यहरूका प्रस्तुत) | ५ | |
| | लगानीका लागि बैंक मौज्दात भएको | ३ | |
| | लगानी गर्ने प्रतिबद्धता बित्तिय संस्थाबाट प्राप्त भएको | २ | |
| | आर्थिक श्रोत सुनिश्चित नभएको | ० | |
| १.३ | संस्थामा महिला सहभागिता | १० | |
| | ८० प्रतिशत भन्दा बढी | ४ | |
| | ६० देखि ८० प्रतिशत | ३ | |
| | ४० देखि ६० प्रतिशत सम्म | २ | |
| | ४० प्रतिशत भन्दा कम | १ | |
| | हुँदै नभएको | ० | |
| २ | व्यवसायी सम्बन्धी विवरण | ३५ | |
| २.१ | ढुवानी खर्च | ५ | |
| २.२ | चामल, गहुँ वा गहुँको पिठो, नून र तोरीको तेलको बजार मूल्य, उपभोक्तालाई अधिकतम छुट दिन सकिने मूल्यको दर | १० | |
| २.३ | ओभरहेड खर्च | ५ | |
| २.४ | सुपथ मूल्य पसलले सेवा दिने क्षेत्र र जनसंख्या | ५ | |
| २.५ | भौगोलिक विकटता | ५ | |
| २.६ | स्थानीय उत्पादनको अवस्था | ५ | |
| ३ | व्यवस्थापकिय अवस्था | ५ | |
| ४ | व्यवसायिक संभावनाः | २० | |
| ४.१ | प्रस्तुत मूल्य र आम्दानीका सूचना | १० | |
| ४.२ | विश्वासिलो देखिएको | ५ | |
| ४.३ | मध्यम स्तरको देखिएको | ३ | |
| ४.४ | कमजोर स्तरको देखिएको | २ | |
| ४.५ | वास्तविक नदेखिएको | ० | |
| ५ | व्यवसायिक योजनाः | ५ | |
| ५.१ | आर्थिक रूपमा दिगो देखिएको | ३ | |
| ५.२ | आर्थिक रूपमा मध्यम स्तरको देखिएको | २ | |
| ५.३ | आर्थिक रूपमा कमजोर देखिएको | ० | |
| ६ | लागत साझेदारी | १० | |
| ६.१ | २० प्रतिशत भन्दा माथि | ५ | |
| ६.२ | १० प्रतिशत सम्म | ३ | |

| | | | |
|---|---|---|---|
| ६.३ | ५० प्रतिशत भन्दा कम | २ | |
| जम्मा | | १०० | |

राय तथा सुझाव

अगाडि बढाउने/नबढाउने प्रष्ट धारणा सहितको कारणहरू उल्लेख गर्ने ।

**मूल्याङ्कन कर्ताको**

हस्ताक्षरः.....................................

नामः.........................................................

मितिः...........................................

**अनुसूची... ६**
**(दफा ४ सँग सम्बन्धित)**
**कार्यक्रम संचालन सम्झौता**

सुदूरपश्चिम प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कार्यक्रम संचालन अनुदान सहयोग प्राप्त कार्यक्रम
संचालनका लागि
द्विपक्षीय सम्झौता

यो सम्झौता (यसपछि "सम्झौता" भनिएको) मिति .................... साल .................. महिनाको .................. गतेका दिन घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समिति (यसपछि प्रथम पक्ष भनिने) र "................................................." (यसपछि दोस्रो पक्ष) बीच "....................................................." कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको शर्तहरू पालना गर्ने गरी यो सम्झौता दुबै पक्षबाट हस्ताक्षर भएपछि यस सम्झौताको दफा २ मा उल्लेख भएको कार्यक्रम शुरू हुने मिति देखि लागू हुनेछ ।

१. **सम्झौता गरिएको कामको विवरण**

| |
|---|
| कार्यक्रमको शिर्षकः "......................................................" |
| कार्यक्रम संचालन स्थानः |
| कार्यक्रम संचालन गर्ने संस्थाको ठेगानाः |

२. **कार्यक्रम संचालकको समयावधि**

| | |
|---|---|
| शुरू मितिः | |
| सम्पन्न हुने मितिः | |
| कार्यक्रमको कुल अवधि (दिन/महिना) | |

विशेष परिस्थितिमा समान्यतया दुबै पक्षको समझदारीमा लिखित सहमतीको परिशिष्ट सहित यो सम्झौताको अवधि थप वा घट हुन सक्नेछ ।

३. कार्यक्रमको कुल लागत

३.१ यस कार्यक्रमको कुल लागत अनुमान रू. .................... (अक्षरेपी .................... मात्र) रहेको छ जुन निम्नानुसार व्यहोरिने छः

| कार्यक्रमको बजेट | जम्मा रकम रू |
|---|---|
| अनुदान रकम (बेहोर्ने पक्षले प्रथम) | |
| कार्यक्रम संचालक (छनौट भएका प्रस्तावदाता) दोस्रो पक्षले व्यहोर्ने रकम | |
| **कुल जम्मा** | |

३.२ प्रथम पक्षले कार्यविधि अनुरूप "................................................" कार्यक्रम संचालनका लागि अनुदान रकम रू. .................... (अक्षेरूपी ................................................ मात्र) ननाघ्ने गरी दोस्रो पक्षलाई .................... किस्तामा रकम उपलब्ध गराउने छ ।

४. सम्झौताका शर्त एवं अवस्थाहरू (Terms and conditions)

४.१ सम्झौताको बुदाँ नम्बर २ मा उल्लेख भएको कार्यक्रम शुरू भएको दिनबाट ३० दिनभित्र दोस्रो पक्षले आफ्ना सबै लाभान्वित समुदाय र अन्य सरोकारवालाहरूले देख्ने गरि प्रथम पक्षले तोकेको ढाँचा अनुसारको होर्डीङ बोर्ड राख्नु पर्नेछ ।

४.२ कार्यक्रमलाई तोकिएको समयमा नै सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

४.३ अनुदान रकम तोकिएको कार्य योजना अनुरूप यसै सम्झौतासँग संलग्न तालिका ३ अनुसार स्विकृत बजेट तालिकामा उल्लेख भएका शिर्षकहरूमा मात्र खर्च गर्न पाइनेछ ।

४.४ तत्कालिन अवस्थामा सामाग्रीहरूको खरिद दर शुरू लागत अनुमान दर भन्दा बढी भई लागत मूल्य बढेमा सो बढेको मूल्य दोस्रो पक्षले नै व्यहोर्नु पर्नेछ ।

४.५ यस सम्झौता अनुसार सहमती भएका कृयाकलापहरूमा कुनै संशोधन गर्नु परेमा दुबै पक्षहरू बीच सहमती भै गरिनेछ ।

४.६ दोस्रो पक्षले प्रथम पक्षको पूर्व लिखित स्वीकृती बिना वित्तिय सीमा भन्दा बाहिर खर्च गर्न पाउने छैन ।

४.७ दोस्रो पक्षले वस्तु वा सेवाको खरिद गर्दा प्रचलित ऐन नियमावली अनुसार खरिद गर्नुपर्नेछ ।

४.८ कार्यक्रमका लागि प्रदान गरिने अनुदानको सही सदुपयोग, सन्तोषजनक प्रगति तथा प्राप्त वित्तिय प्रतिवेदनको आधारमा अनुदानको निकासा दिइनेछ ।

४.९ कार्यक्रम अवधि वा सो पश्चात कार्यक्रम दोस्रो पक्षले प्रथम पक्ष वा प्रथम पक्षले तोकेकको निकाय वा व्यक्तिलाई प्रथम पक्षको आवश्यकता अनुरूप कार्यक्रमको स्थल तथा व्यवसायिक क्षेत्रको निर्वाध रूपमा निरीक्षण गर्न दिनु पर्नेछ ।

४.१० अनुदानको रकम निकासाको लागि दफा ६ वमोजिम हुनेछ ।

४.११ कार्यक्रम संचालनको क्रममा व्यवसायको प्रस्तावित क्रियाकलापमा परिवर्तनहरू हुन सक्ने जायज कारणहरू भएमा प्रथम पक्षलाई समयमा नै लिखित जानकारी गराउनु पर्नेछ र कुनै महत्वपूर्ण परिवर्तन हुने अवस्था प्रथम पक्षको स्वीकृती अनिवार्य लिनुपर्नेछ ।

४.१२ यदि दोस्रो पक्षले पूर्व स्विकृत कार्य योजनामा कुनै किसिमको अप्रत्यासित ढिलाई हुने संभावना देखेमा प्रथम पक्षलाई कानून बमोजिम समय बढाउन पूर्व स्वीकृतीका लागि अनुरोध गर्नु पर्नेछ ।

४.१३ दोस्रो पक्षको बैङ्क खाता विवरण निम्न बमोजिम हुनेछ र यदि कार्यक्रम संचालन अवधिमा यी विवरणहरूमा कुनै परिवर्तन हुन गएको हकमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

| |
|---|
| बैंकको नाम तथा ठेगानाः |
| बैंक खाताको नामः |
| बैंक खाता नं. |
| बैंक खाताको किसिमः |
| खाता संचालकको नामः |
| पदः |

४.१४ लेखापरीक्षण प्रतिवेदन तयार गरि पेश गर्दा दोस्रो पक्षले इजाजत प्राप्त व्यवसायिक लेखापरीक्षकबाट लेखापरिक्षण गराएको हुनुपर्नेछ ।

| **दोस्रो पक्षको तर्फबाट आधिकारीक हस्ताक्षर** | **प्रथम पक्षको तर्फबाट आधिकारीक हस्ताक्षर** |
|---|---|
| हस्ताक्षर<br>.................................<br>नामः | हस्ताक्षर<br>.................................<br>नामः |

<table>
<tr><td>पदः<br>संस्थाः<br>ठेगानाः<br>छापः</td><td>पदः<br>छापः</td></tr>
<tr><td>मितिः</td><td>मितिः</td></tr>
<tr><td colspan="2">साक्षीहरू</td></tr>
<tr><td>हस्ताक्षर<br>नामः<br>पदः<br>ठेगानाः</td><td>हस्ताक्षर<br>नामः<br>पदः</td></tr>
</table>

**अनुसूची... ७**
**(दफा ६ सँग सम्बन्धित)**
**<u>अनुदान रकम माग निवेदन तथा प्रतिवेदन</u>**

मितिः..................................

श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हत सरक्षण निर्देशनालय
धनगढी, कैलाली ।

**विषयः अनुदान रकम भुक्तानी पाउँ बारे ।**

महोदय,

प्रस्तुत विषयमा तहाँ घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समिति र हाम्रो ........................................ समूह/सहकारी/.........../फर्मबाट मिति .................................. मा सम्पन्न............................. निर्माण कार्यक्रम संचालन गर्न भएको सम्झौता अनुसार यस समूह/सहकारी/समिति/संस्था ले ......................... निर्माणको .............. प्रतिशत कार्य सम्पन्न गरि सकेकोले त्यस घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समिति बाट सम्झौता अनुसार ................ किस्ता वापत निकासा दिनुपर्ने..................... प्रतिशत अनुदान रकम रू.................................. (अक्षेरूपी .......................................) भुक्तानी पाउँ भनी आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु ।

.....................*समूह/सहकारी/समिति/संस्थाको तर्फबाट*

हस्ताक्षरः.....................
...............
नामः........................
..............
पदः.........................
................
ठेगानाः............................
......
संस्थाको छाप

संलग्न कागजातहरूः

१. आर्थिक विवरण सिट.............. पाना
२. बिल बिजकका प्रतिलिपि ................ पाना/थान ।
३. कार्यप्रगतिको फोटो ।
४. समूह/सहकारी/........./फर्म ले खर्च अनुमोदन गरेको र किस्ता माग गरेको निर्णयको प्रतिलिपि............ पाना
५. सार्वजनिक सुनुवाई प्रतिवेदन (अन्तिम किस्ताका लागि अनिवार्य) पाना